# भूमे साप्ताहिक

वर्ष ६ अङ्क १९  २०८१ मंसिर २३
आईतबार




## सम्पादकीय

# लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानको शुभकामना

लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान देश भरिनै सुरु भएको छ।“हामी सबैको प्रतिवद्धता लैङ्गिक हिंसा अन्त्यको ऐक्यवद्धता” भन्ने मुल नाराको साथ भूमे गाउँपालिकाले पनि मंसिर १० गते सोमबार देखि गाउँपालिकाको प्राङ्गणमा गाउँपालिकाका उपाध्यक्ष सविना बुढा मगरको प्रमुख आतिथ्यतामा ¥याली सहित कोणसभा गरी सुरुवात गरिएको हो। नेपालको संविधानले प्रत्याभूत गरेका मौलिक अधिकार तथा कानूनले महिलालाई परिवार सञ्चालन देखि राज्य सञ्चालन सम्मका हरेक तहमा समान अवसर, समानता, सहभागिता, प्रतिनिधित्व र अपनत्वको सुनिश्चित गरेको छ। यद्यपि कानुनले निषेध गरेका बोक्सी, छाउपडी, दाइजो, छुवाछुत जस्ता पथा र  अन्धविश्वासका कारण धेरै महिला दिदीबहिनीहरू अझै पनि हिंसा, विभेद र अपमानजन्य पीडा खप्न बाध्य छन्।

समाजमा विद्यमान यस प्रकारका विकृति र विसंगतिका विरुद्ध परिवार र समुदाय स्तरमा व्यापक रूपमा सचेतना अभियान सञ्चालन, कानुनमा उल्लिखित दण्ड र सजायको प्रभावकारी कार्यान्वयन,साथै महिलाहरूलाई आर्थिक रूपले आत्मनिर्भर बनाउँदै महिला र पुरूषमा भएको असमान शक्ति संरचनामा परिवर्तन गर्नसके मात्र महिलाविरुद्ध हुने हिंसा कम गर्न सकिन्छ। यस अवसरमा, लैङ्गिक हिंसा अन्त्यको लागि क्रियाशील सरकारी निकाय,सामाजिक संघसंस्था, नागरिक समाज तथा महिला अधिकारकर्मीहरूलाई यस अभियानले थप उत्साहका साथ काम गर्न प्रेरणा प्रदान गर्न पनि  थप उर्जा थप्ने  छ।

अन्तमा लैङ्गिक हिंसा अन्त्य सहित समानतामा आधारित, न्यायपूर्ण, सभ्य र समुन्नत समाज र राष्ट्र निर्माणमा योगदान पुर्‍याउनुहुने छ भन्ने विश्वासका साँथ अभियानको सफलताको शुभकामना व्यक्त गर्दछौं।


**प्रकाशक**

भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)
लुम्बिनी प्रदेश नेपाल

# भूमे गाउँपालिकामा नयाँ प्रशासनिक भवन बन्दै




❖ बालाराम शेर्पाली

लुम्बिनी प्रदेशको हिमाली जिल्ला रुकुमपूर्व भूमे गाउँपालिकाको नयाँ प्रशासनिक भवन बन्दै छ। प्रशासनिक कामलाई आधुनिक र नागरिकमैत्री बनाउने योजनाका साथ भूमे गाउँपालिकामा नयाँ आधुनिक प्रशासनिक भवनको शिलान्यास गरिएको हो। संघीयताको कार्यान्वयनसँगै संघ, प्रदेश र स्थानीय तहको सरकार निर्माणको प्रक्रिया सँगसँगै आवश्यक भौतिक पूर्वाधार निर्माण गर्न थालिएको हो।

संघीय सरकारबाट ६० प्रतिशत र स्थानीय सरकारबाट ४० प्रतिशत लगानीमा गाउँपालिकाको भवन बन्न लागेको हो। संघीय सांसद् पूर्णबहादुर घर्तीमगरले भवनको शिलान्यास गर्नु भएको हो।

गाउँपालिकाले आश्यकता अनुसार कृषि र स्वास्थ्य सडक विस्तार गरेर नयाँ भवन निर्माणमा जुटेको गाउँपालिकाका अध्यक्ष होम प्रकाश श्रेष्ठले बताउनुभयो। भूमे गाउँपालिकाले दोस्रो कार्यकालमा १६ करोड रुपियाँको लागत अनुमान सहित गत वर्षको माघ १० गते ठेक्का आह्वान गरेको हो।







दुई वर्षमा निर्माण सक्ने गरी एसी कन्ट्रक्सन प्रालि बाग्लुङले भ्याट सहित ११ करोड ६७ लाख ९७ हजार नौं सय ९९ रुपियाँमा भवन निर्माण गर्न सम्झौता गरिएको छ। २०८३ वैशाख १ गते सम्म भवन तयार गर्नु पर्ने गाउँपालिका सवइञ्जिनियर सन्तोष घर्तीमगरले बताउनुभयो। भवन शिलान्यास कार्यक्रममा संघीय सांसद् पूर्णबहादुर घर्तीमगर, गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठ उपाध्यक्ष सबिना बुढा मगर, गाउँपालिका प्रवक्ता एवम् २ नम्बर वडाध्यक्ष नारायण पुनमगर, ३ नम्बर वडाध्यक्ष प्रशुराम बुढा मगर, गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत देविलाल बिक लगायतको उपस्थिति रहेको थियो।



# झुम्लाबाङमा ११ औँ अन्तरराष्ट्रिय माटो दिवस मनाइयो

❖ साप्ताहिक संवाददाता






रुकुमपूर्वको भूमे गाउँपालिका –३ स्थित झुम्लाबाङमा एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालय रुकुमपूर्व र भूमे गाउँपालिकाको सहकार्यमा माटो परीक्षण कार्यक्रम तथा ११ औं अन्तराष्ट्रिय माटो दिवस मनाइएको छ। कृषकको आवश्यकता र कृषि उत्पादनमा वृद्धि गर्ने उद्देश्यले झुम्लाबाङका ७४ जना कृषकबाट माटो संकलन गरी माटो परीक्षण गरिएको हो। साथै ११ औं अन्तरराष्ट्रिय माटो दिवस मनाइएको हो।

एकीकृत कृषि तथा पशुपंक्षी विकास कार्यालयका प्रमुख डिल्लीराज पौडेललेका अनुसार माटोको अम्लीयपन र क्षारियपनको जाँच गरी माटोको उपचारसँगै माटो सुहाउँदो बालीनाली लगाउने र उत्पादनमा वृद्धि गर्ने बताउनुभयो।

कृषकहरुले आफ्नो खेतको माटो परीक्षण पछि कुन ठाउँमा कुन बालीको खेती गर्ने भन्ने विषयमा जानकारी पाएको स्थानीय कृषक खुसी भएका छन्। साथै यो तालिमले विभिन्न जातको अन्नबाली, फलफूलका बिरुवा रोप्ने र तरकारी खेती गर्नका लागि कृषकलाई सहज हुने बताएका छन्।

कृषि पेशालाई व्यवसायिक र व्यवस्थित गर्नको लागि गाउँपालिकाले कृषि उत्पादनलाई विशेष जोड दिएको छ। खास–खास गाउँ र टोल छनोट गरी कृषि नमुना गाउँ बनाउँदै कृषि क्रान्तिको लहरद्वारा समृद्धि पालिका निर्माणमा महत्वपूर्ण योगदानको आवश्यक्ता रहेको गाउँपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले बताउनुभयो।

# गाउँगाउँमा केन्द्रीय प्रसारण लाइन विस्तार हुँदै



रुकुमपूर्वको हिमाली क्षेत्रमा पर्ने दुई गाउँपालिकामा विद्युतीकरण भइरहेको छ। पुथाउत्तरगंगा गाउँपालिका –१२ क्युबाङ देखि कोल हुँदै वडा नम्बर १४ मा पर्ने राङ्सीसम्म केन्द्रीय विद्युत विस्तार गरिएको छ। यसैगरी क्युबाङ देखि तकसेरा पनि केन्द्रीय लाइन विस्तार गरिएको छ।

राङ्सीमा ५० केभीको ट्रान्सफरमर राखि करिब १० किलोमिटर लामो ११ केभीको लाइन विस्तार गरी सो ठाउँमा विद्युतीकरण गरिएको नेपाल विद्युत प्राधिकरण रुकुमपूर्व वितरण केन्द्रका प्रमुख प्रमोद खनालले जानकारी दिनुभयो। प्रमुख खनालका अनुसार कोलमा ५० केभी, गरखानीमा २५ केभी, क्युबाङमा २५ केभी र गोल्खाडामा २५ केभीको ट्रान्सफरमर राखि विद्युत वितरण गरिएको हो। लाइन विस्तारपछि यहाँका करिब १ हजार घरधुरी परिवार लाभान्वित भएका छन्। त्यस्तै लुम्बिनी प्रदेशकै हिमपात हुने पर्यटकीय सम्भावना बोकेको रोल्पा र बाग्लुङको सीमानामा पर्ने रुकुमपूर्वको भूमे गाउँपालिका –१ पातीहाल्नेमा करिब ८ किलोमिटर ११ केभी लाइन विस्तार गरी २५ केभीको ट्रान्सफर्मर मार्फत त्यस क्षेत्रका होटल व्यवसायीलाई पनि विद्युत वितरण गरिएको छ।

यो लाइनबाट भविष्यमा यस आसपास क्षेत्रमा सौर्य उर्जाबाट चलिरहेका नेपाल टेलिकमको टावरलाई समेत विद्युत सेवा पुग्ने बताइएको छ। भने बाग्लुङमा निर्माणाधीन बुर्तिबाङ सबस्टेशन १३२/३३ केभीलाई स्रोत लाइन बनाएर यस आसपासका क्षेत्रमा पनि विद्युत ल्याउन सकिने वितरण केन्द्रको भनाइ छ। भूमे गाउँपालिकामा पनि ९ वटै वडाका अधिकांश गाउँमा केन्द्रीय लाइन विस्तार गरिएको छ।

# प्राक्टिकल एक्शन नेपालको साझेदारीमा सञ्चालित कार्यक्रम भूमेमा समापन



रुकुमपूर्वको भूमे गाउँपालिकामा यूके एडको आर्थिक सहयोग तथा प्राक्टिकल एक्शन नेपालको साझेदारीमा विकास सरोकार समाज (डिकोस) रोल्पाको कार्यक्रम सम्पन्न भएको छ।भूमे गाउँपालिका र पुथा उत्तरगंगा गाउँपालिकामा सम्मुनती परीयोजनाले सञ्चालन गरेको कार्यक्रम सम्पन्न गरेको हो।भूमे गाउँपालिकाको वडा नम्बर २,३,४,५,६,७ र ८ को विभिन्न स्थानमा परियोजनाले जलवायु मैत्रि कृषि उत्पादनमा बृद्धि, बजारमा पहुँच तथा विस्तार, उद्यमशील क्षमतामा अभिबृद्धि, वित्तमा पहुँच र महिलाहरुको कार्यबोझ घटाइ सशक्तिकरणका विषयमा काम गरिएको सम्मुनती परीयोजनाका कार्यक्रम संयोजक बेरजंग पुनले जानकारी दिनुभयो।

प्राक्टिकल एक्शन नेपाल र विकास सरोकार समाज (डिकोस) नेपालले अप्रलि २०२२ देखी भूमे गाउँपालिकामा महीला, सिमान्तकृत समुह र अपाङ्गता भएका ब्यक्तिहरुलाई आय आर्जनमा टेवा पुग्ने काम गरेर डिसेम्वर २०२४ समापन गरेको हो।समुन्नति परियोजनाले भूमे गाउँपालिकाको वडा नम्बर २,३,४,५,६,७ र ८ को विभिन्न गाउँ बस्तीहरुमा स्थानीय सरकारलाई ईट्टा थप्ने काम गरेको हो।

उक्त सस्थालाई भूमे गाउपालिका अध्यक्ष होमप्रकाश श्रेष्ठले धन्यवाद दिदैं भूमे गाउँपालिकामा कृषि क्षेत्रको प्रवर्द्धन, किसानहरूको जीवनस्तर सुधार, र कृषि उत्पादनमा वृद्धि गर्न समुन्नति परियोजनाको टिमले सहानिय योगदानको पुर्याएको बताउनु भएको छ।अध्यक्ष श्रेष्ठले आगामी दिनहरूमा पनि यसरी नै सहकार्य गर्दै, ग्रामीण क्षेत्रको समृद्धिका लागि संयुक्त प्रयास जारी रहने बताउनुभयो।

# एक वर्ष भरिको पारिश्रमिक मेले विद्यालयमा अक्षकोष स्थापना गर्ने प्रतिबधता जाहेर गरेको छु वडाध्यक्ष रोका मगर




***वडाध्यक्ष संगम रोका मगर हुनुहुन्छ***

**स्वागत छ यहाँलाई भूमे साप्ताहिकमा आज भोली के गर्दै हुनुहुन्छ ?**

आज भोली चिसो मौसम बढ्दो सँगै वडा बासीको आशा अपेक्षा भावना चाहानालाई मध्यनजर गर्दै पुन्न स्रोत र साधनको प्रयोग गर्दै विकाश निर्माण समाज परिवर्तन समृद्ध खुसी र सुखी समाजको अपेक्षा सहिद दैनिक सेवा प्रवाह गरिरहेको छु।

**वडाध्यक्ष पदमा निर्वाचित भईसके पश्चात् अहिले सम्म के के काम गर्नुभयो?**

म निर्वाचित भएको पनि करिब २ बर्ष ६ महिना बितिसकेको छ।२ जना वडासदस्य सँग ३ जना वडामा जनप्रतिनिधि रहेका छौं।वडा कार्यालय सेवा प्रवाह र गुनासा सुन्ने ठाउँ केन्द्र हो जस्तो लाग्छ।त्यसैले सर्वप्रथम वडालाई समृद्ध खुसि र सुखि बनाउन शुसासन युक्त सेवा प्रवाह गर्दै वर्ष भर आवश्यक पर्ने योजनाको संग्रह योजना किताब निर्माण गरी सोही अनुरुप कामकाज अगाडि बदाई रहेको छु।जस अन्तर्गत मेरो वडा भित्र रहेका ४ वटै आधारभूत विद्यालयहरुमा विद्यालयका आधारभूत आवश्यकता परिपूर्ति गर्न ईन्टरनेट, कम्प्यूटर सेट जडान गएिको छ।भवन मर्मत, निर्माण, शैक्षिक गुणस्तर अभिबृद्धि र अतिरिक्त क्रियाकलाप संञ्चालन, अनुगमण स्वास्थ्य सँस्था व्यबस्थापन थप सेवा प्रवाहमा जोड, लक्षित वर्ग सशक्तिकरण ,यूवा, महिला, तालिम, सिमिनार कृषि अनुदान प्रोत्साहन आयआर्जनमा जोड गोरेटो बाटो, सडक, खानेपानी , तथा सरसफाई वृक्ष रोपन पर्यटन गुरिला पदमार्ग मठ मन्दिर निर्माण परम्परागत कला संस्कृति जगेर्ना गर्ने दर्जनौ कामकाज गरेका छौं।



**शिक्षा क्षेत्रलाई सुधार गर्न कस्तो कदम चाल्नु भएको छ? तपाईंको कार्यकाल रहदाँ सम्म खस्किएको शिक्षालाई उकास्न के गर्नु हुन्छ?**

म केहीँ समय शैक्षिक पेशामा आवद्ध भएको हिसावले शैक्षिक परिणाम छिटो नदेखिने भएता पनि मैले शैशिक क्षेत्रमा सुधार गर्नको निम्ती अहिलेको विज्ञान र प्रविधि युगमा विद्यालय लाई जोड्नको निम्ती पहिलो वर्ष मेरो वडा भित्र रहेको ४ वटा विद्यालयमा आधारभूत आवश्यकता परिपूर्ति गर्नको निम्ती ईन्टरनेट र कम्प्युतर सेत जडान, बालबालिकालाई पोषाक वितरण प्रत्येक वर्ष अतिरिक्त क्रियकलाप सञ्चालन भौतिक संरचना निर्माण र मर्मत बाल शिक्षा थप कर्मचारी व्यबस्थापन , शैक्षिक निती कार्यविधि संसोधन र निर्माण आफैलाई सम्झेर राहात होस भन्ने हेतुका साथ यस वडा भित्रका अध्यानरत गरिब , विपन्न , जेहेन्दार बालबालिकाको निम्ती एक वर्षको पारिश्रमिक बापत आउने रकम बाट अक्षकोष स्थापना गर्ने प्रतिबधता जाहेर गरेको छु।

**वडाका नागरिकहरुलाई कस्तो सेवा प्रवाह गर्नु भएको छ?**

देशै भरिका अधिकांस स्थानीय तहहरु अनलाईन माध्यमवाट काम गरिरहँदा २०७९ सालदेखि भूमे गाउँपालिकाको सम्पूर्ण वडाहरुमा अनलाइन दर्ता भइरहेको छ। मेरो वडा भौगोलिक विकताले गर्दा नै होला विकास निर्माणमा पछाडि परेको छ।

विकता भएकै वडा भएको हिसावले इन्तरनेट र मोवाईल नेटवर्क विद्युत यातायात लगायत पूर्वाधार भरपर्दो नहुँदा सेवाग्राहिहरुले सास्ती वेहोरी रहनुभएको छ। भने अर्को तिर सेवाग्राहिलाई के सेवा लिदा के कस्ता कागजात लिएर सेवा लिने भन्ने कुरा राम्रोसंग थाहा नहुँदा समस्यमा परिरहेका छन्। यि यस्ता समस्यालाई जस्तो भएता पनी वडा कार्यालयबाट हुने सेवा प्रवाहमा निरन्तर लागिरहेको छौं ।

**वडाका सबै गाउँ बस्तीहरुमा विधुत, खानेपानी सडक दिगो विकासको लक्ष्यहरु कस्तो रहेको छ?**

मेरो वडा भौगोलिक हिसावले विकतता छरिएर वसेको बस्ती यस वडामा नेपाल विद्युत प्राधिकरणबाट प्रसारण हुने (केन्द्रिय लाईन) प्रसारण भएको छैन।

१५ वर्ष अगाडि उत्पादन भएको तीनवटा साना लघु जलविद्युतले काम चलिरहेको देखिपनि भरपर्दो नहुने भएकोले पटक पटक नेपाल विद्युत प्राधिकरणमा निवेदन गर्दा नेपाल विद्युत प्राधिकरण रुकुमपूर्वले २०८१/२०८२ मा जडान गर्ने प्रतिबद्धता जाहेर गरेको छ। खानेपानीमा गोर्खा वल्यफेर ट्रस्ट नेपालद्धारा ६ वटा आयोजना सम्पन्न गरि समुदायमा हस्तान्तरण गरेको छ।यो मेरो वडाको लागि गौरवको कुरा हो।र सानो टोलबस्तीहरुमा वडा कार्यालय मार्फत दुई वटा सम्पन्न दुई वटा कार्यन्वयनमा रहेका छ।

यस वडाको अधिकांस वस्तीहरुमा खानेपानी एक घर एक धारा निर्माण भइसकेका छन।केहि साना १/२ टोलहरुमा धारा निर्माण गर्न बाँकी रहेको छ। बाँकी रहेको दुई टोलमा पनि मेरो कार्यकाल मा निर्माण गरेर छोड्ने छु।र वडा नम्बर ७लाई एक घर एक धारा घोषना गर्ने छु।सडक पूर्वाधार केन्द्रिय सडक सहिदमार्ग ५ कि.मि. भूमे घुम्ती सडक २८ कि.मि. टोल बस्तीहरुमा कृषि सडक स्थापना गर्न बाँकी रहेको छ।पर्यटन विकास भौगोलिक सौन्धर्यता १० वर्षे शसत्र जनयुद्धको ईतिहास कला संस्कृति रितिरीवाज प्रवल सम्भावना रहेको छ।

**पिछडिएका वर्ग र दलितका माग र एजेन्डालाई कसरी ल्याउनु भएको छ?**

लक्षित वर्ग ७ क्षेत्रका व्यक्तिहरु हुनुहुन्छ। उहाँहरुको इच्छा आकांक्षा माग धेरै हुने गर्दछ। वडा सरकारसंग न्यून स्रोत साधन हुने गर्दछ। उक्त स्रोत र साधनलाई प्रयोग गर्दै लक्षित वर्गको आकाङ्क्षा माग सम्बोधन गर्ने गरिन्छ।दलित समुदायलाई प्रत्येक वर्ष एउटा न एउटा टोलका आयआर्जन कार्यक्रममा जोडी रहेका छौं।आरण व्यबस्थापन , मेसनरी औँजार,बाख्रा पालन तथा बंगुर पालन जस्ता कार्यक्रमा सहभागी भईरहेका छन्। युवा, महिला,जनजाति, अपाङग, जेष्ठ नागरिक बालबालिका केही न केहि कार्यक्रम योजनामा जोडिएका छन्।मैले भन्दा पनि नागरिकले मुल्याङ्कण गर्नु पर्छ।

**कृषि पशुपालनलाई कतिको जोड दिनुभएको छ?**

कृषि पशुपालन यस वडामा प्रचुर सम्भावना रहेका छ।यस वडामा पुर्खेउली कृषि खेति र पशुपालन गर्ने ९० प्रतिशत भन्दा बढी रहेको छ।परम्परागत कृषि खेति कम हुदैं गएता पनि केहि कृषक अहिले व्यवसायीक कृषि तर्फ आकर्षक भइरहेको पाईन्छ।विभिन्न तहबाट अनुदान लिने काम गर्ने उत्पादन गर्ने गर्दछन।वडा भौगोलिक विकताको कारणले उत्पादन भएको कृषि उपज सहज तरिकाले वजारसम्म पु¥याउन र बजारमा प्रतिपर्धा गर्न नसक्ने अवस्थाले भने कृषक निरास हुने गरेका छन्।



कृषकको निरास पन देखेर बजारीकरण खोज्न तर्फ वडा कार्यालय र गाउँपालिका लागेको छ।

**आगामी दिनहरुमा वडाका नागरिकलाई टेवा पुग्ने कस्तो योजना बनाउनु भएको छ?**

आगामी दिनमा यस वडावासी नागरिक समृद्ध खुसि र सुखि हुने आसाका साथ मानवीय विकास भौतिक पूर्वाधार संरचना निर्माण आत्मानिर्भरमा जोड जस्ता कार्य योजना वनाइरहेको छौं।

**तपाईंको वडा टेलिफोन सेवाबाट निकै नै बन्चित रहेको छ? कतिको पहल कदमि गर्नु भएको छ?**

मेरो वडामा भूगोलमा मात्रै नभई रोल्पा जिल्लाको थवाङ्ग गाउँपालिकाको वडा नम्बर २ को केहि स्थानहरु र वडा नम्बर ६र ७ को गाउँ बस्तीहरुमा विगताले गर्दा टेलिफोन सेवाबाट बञ्चित रहेको कुरा सत्य हो।

यस समस्यालाई समाधान गर्न गाउँपालिका हुदैं माथिल्लो तहमा पहल गरिरहेका छौं। सर्वप्रथम, वडा र छिमेकी वडाको बस्तीहरुमा रहेका मुख्य स्थानहरूको विवरण संकलन गरी नेपाल टेलिकममा माथिल्लो सबै तहका सरकारहरु संग हामीले यसलाई छिटो समाधान गर्न संघीय सरकारबाट स्वीकृत गरिसकेको छौं। वडावासीहरूको सरकारले समस्या बुझेर यसलाई प्राथमिकतामा अगाडि लिएको छ। अब भने टेलिफोन सेवा सहज हुने अपेक्षा लिएको छु। साथै यस समस्यालाई समाधान गर्नको निम्ती सरोकारवाला निकायलाई बजेट ब्यबस्थापन गरि समयमै काम सुरुवात गर्न अपिल गर्दछु।

**अन्तमा कुनै प्रश्न छ कि?**

भूमे सासाहिकको यस अंकमा सहभागी हुने र केहि आप्नो अनुभव साट्ने अवसर प्रदान गर्नु भएकोमा महत्वपूर्ण समय अनि सम्बादका लागि धेरै धेरै धन्यावाद ! अन्त्यमा मलाई आफ्नो अमूल्य भोट दिएर मलाई जिताउनु हुने सम्पूर्ण ७ नम्बर वडाबासीलाई धन्यवाद दिन चाहन्छु। जसरी मलाई विश्वास गरेर वडा अध्यक्षमा जिताउनु भएको छ। त्यसरी नै जनताको विश्वासलाई म टुट्न दिनेछैन। जनताको हितका लागि र वडाको विकासका लागि म सदैव तयार हुनेछु।

# लैङ्गिक हिंसाको गहिराई र नियन्त्रणको जिम्मेवारी



लिङ्गका आधारमा गरिने कुनै पनि नकारात्मक व्यवहारलाई लैङ्गिक हिंसाको रुपमा परिभाषित गरिएको विश्व परिप्रेक्ष्यमा कस्तो खालको र कति हदसम्मको नकारात्मक व्यवहारलाई हिंसाको रुपमा लिने भन्ने कुरा विश्वव्यापी कानून, सन्धि, सम्झौतादेखि लिएर राष्ट्रिय, स्थानीय कानूनी प्रबन्धले स्पष्ट गर्ने प्रयत्न गरेको भएता पनि ठ्याक्कै मापन गर्न कठिन नै देखिन्छ। लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान चलिरहँदा उच्चारणमा लैङ्गिक हिंसा भए पनि अभियान्ताहरुमा नै महिला हिंसा विरुद्धको अभियान कि लैङ्गिक हिंसा विरुद्धको अभियान भन्ने कुराको व्यवहार र बुझाइमा अन्यौलता देखिन्छ। तुलनात्मक हिसाबले महिलाले नै अधिक हिंसा र पिडा व्यहोर्नुपर्ने हाम्रो सामाजिक संरचनामा महिला हिंसालाई नै लैङ्गिक हिंसाको रुपमा बुझिनु र महिलाको सवालको रुपमा मात्रै बुझिनुलाई अन्यथा मान्न नसकिएला।

लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान सुरुवातको सन्दर्भ र वर्तमान अवस्थामा हिंसाको स्वरुप, रोकथाम र प्रतिरक्षा सम्बन्धी व्यवस्था लगायतका कुरामा व्यापक परिवर्तन आएको छ।

लैङ्गिक हिंसामा कुनै एउटा व्यक्ति, वर्ग, समुदाय र लिङ्ग मात्रै संलग्न रहन्छ भन्ने सोचाई संकिर्ण भइसकेको छ। यो हिंसाको साँच्चै गहिराइमा पुगेर मनन र विश्लेषण गर्ने हो भने सायद हिंसा नभएको ठाउँ र हिंसामा संलग्न (हिंसा भोग्ने र हिंसा गर्ने) नभएको मानिस बिरलै भेटिएला। अझ विश्वमा आदर्शको रुपमा रहेको हिंसा शुन्य सहनशीलताकै कुरा गर्ने हो भने त आफैले आफैलाई पनि लैङ्गिक हिंसाको सिकार बनाइरहेको हुन सक्छ। पुरुष प्रधान समाजका हामी महिलाले महिला (छोरी, बुहारी, आमा) भएको कारण हामीले यसो गर्न हुँदैन, यतिसम्म सहनुपर्छ भन्ने मानसिकताले आफैलाई वा परिवार र समाजका महिला सदस्यलाई कमजोर रूपमा स्वीकार गर्न बाध्य बनाउनु यसैको एउटा उदाहरण हो।

यसो भन्दै गर्दा कति पुरुषहरु पनि लैङ्गिक हिंसा पिडित भएर पिल्सिरहेका कुरा पछिल्लो समय सुन्न, देखन नपाइने होइन।

लैङ्गिक विभेद र हिंसाकै उपज ‘पुरुषले आफ्नो दुख र पिडा देखाउनु हुँदैन’ भन्ने मान्यताले बाहिर नआएका त कति होलान कति ? मानव अधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, १९४८ महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मुलन गर्ने महासन्धि,१९७९ लगायतका अन्तर्राष्ट्रिय घोषणापत्र तथा महासन्धिको पक्ष राष्ट्र समेत भई नेपालमा सन २००६ देखि मार्च ८ नारी दिवसको अवसरमा सेतो रिबन अभियानको सुरुवात गरिएको थियो। त्यस यता सरकार तथा अभियान्ताहरुको आयोजना र संलग्नतामा हरेक वर्ष कुनै न कुनै औपचारिक कार्यक्रम गरिँदै आएका छन।

यति सुन्दर शब्द संयोजन सहितको नारा र व्यानरसहित नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र विभिन्न सरोकारवालाहरुको आयोजना र संलग्नतामा अभियानको भव्य र औपचारिक रुपमा उद्घाटन भइसकेपछि यहि अभियान अवधिमै पनि हरेक दिन महिला हिंसा र हत्या जस्ता जघन्य अपराधका दुःखदायी खबरहरु सुन्न, देख्न र पढ्न परेकै छ। यिनै घटना परिघटनाहरुबाट लैङ्गिक हिंसा विरुद्धको अभियानलाई हिंसाकै अभियानको रुपमा गिज्याइरहेको तितो यथार्थ हामीसँग छ। यसै सन्दर्भले लैङ्गिक हिंसासम्बन्धी परिभाषा र आफ्नो बुझाइलाई साँघुरो पार्दै महिला हिंसाकै कुरा व्यक्त गर्न बाध्य बनाइरहेको छ।

एउटी आमाले रहर हुँदाहुँदै पनि आफ्नो कोखबाट छोराको जन्म दिन नसकेको कारण आम महिलाको लागि सबैभन्दा असह्य र अनपेक्षित कुरा ‘आफ्नो श्रीमान अर्को महिलासँग बाँड्न बाध्य बनाउने’ हाम्रै समाज र संस्कार हो। परिवर्तित सन्दर्भसँगै महिलाहरुको घर बाहिरका सार्वजनिक सरोकार र आयआर्जनका काममा संलग्नता बढ्दै गर्दा समावेशीकरणका हिसाबले गर्व गर्न लायक अवस्था हो। अर्कोतिर घरभित्र र घरबाहिरको दोहोरो जिम्मेवारी स्वतः थोपरिएको छ। यति मात्रै होइन एकातिर उसकै कारण परिवार बिग्रिएको अर्कोतिर उसको पदीय जिम्मेवारीमा सक्षमताको प्रश्न चिन्ह पनि खडा गरिन्छ अनि असक्षम र असफलताको बिल्ला भिराइन्छ। समावेशीकरणका लागि भएका राम्रा व्यवस्थासँगै यो पनि सोचिनुपर्ने बेला भएको छ कि यसको प्रभावकारिताका लागि कागज र कुर्सीबाट होइन घरबाटै आफ्नो भूमिका र व्यवहार परिवर्तन गर्नु हरेक व्यक्तिकोकर्तव्य हो।

एउटा सन्दर्भः श्रीमान र श्रीमती बिहान सँगसँगै घर बाहिरको काममा निस्किन्छन, दिउँसो घरमा आफ्नो बच्चा, बच्ची र वृद्धवृद्धाको स्याहार, सुसार अनि ऊ घर फर्किंदा चिया, खाजा, खानाको बन्दोबस्त उसको श्रीमतीले नै गरिदेओस् भन्ने अपेक्षा राख्दछ। ऊ सँगै काम गर्ने महिला सहकर्मीले पारिवारिक जिम्मेवारी पनि सँगसँगै व्यवस्थापन गर्न काममा बाधा नपर्ने गरी लचकता खोज्दा

संगठनको सर्तअनुसार नगरेकोले सार्वजनिक जिम्मेवारीको लागि अयोग्य ठहऱ्याउँछ।उसलाई थाहा छैन कि ऊ र उसको जस्तै सोँच र व्यवहार भएकाहरुको कारणआम महिलाहरु(उसका घरका महिला समेत) लेआफ्नो घर र कार्यस्थलमा त्यहि अवस्था झेल्नुपरेको छ।यो पुरुष पात्रमाथिको प्रश्न होइन प्रवृत्तिको सवाल हो जुन महिलाभित्र (सासु, जेठानी, आमाजू लगायतबाट बुहारी,देउरानीमा हुने व्यवहार) पनि हुन्छ।अझै पनि सङ्ख्यात्मक रुपमा कम सहभागिता रहने महिलाहरु पुरुषको बाहुल्यता भएको ठाउँमा बसेर काम गर्दा सहनुपर्ने भोग्नुपर्ने असहज व्यवहारले काम छोड्नुपरेका घटनाहरु कति होलान, संविधान र कानूनमा महिला समावेशीकरण र सहभागिताको नीतिलाई महत्व दिइएको भएता पनि महिलामैत्री कार्यवातावरण र व्यवहार महशुस गर्न नसकिने तितो अनुभव गर्नुपरिरहेकै छ।यी र यस्ता खालका विभेदले नै शरीरमा चोट नदेखिए पनि हिंसाकै स्वरुप लिइरहेका हुन्छन।

तुलना गर्दै जाँदा एउटाको भन्दा अर्कोको पिडा कम बढी होला तर हिंसा कहाँ र कसले देखे भोगेको छैन होला र ? यसरी लिङ्गकै आधारमा छोरीहरुले गर्भदेखि नै हिंसाको सिकार हुनुपर्ने, आफ्नो इच्छा र रहरलाई तिलाञ्जली दिएर अरुका लागि बाँच्नुपर्ने, कसैसँग बिहे गर्न नमानेकै कारण कहिले एसिड आक्रमण त कहिले ज्यानै गुमाउनुपर्ने, बिहे गर्नका लागि मोल मोलाई हुनुपर्ने, माइति पक्षबाट माग बमोजिम सम्पत्ति नपाएका कारण शारिरीक मानसिक पिडा र अपमान मात्रै होइन ज्यानै गुमाउनुपर्ने अवस्थाको अन्त्य गर्न र लैङ्गिक हिंसा/महिला हिंसा विरुद्धको आवाज र अभियानलाई आम सरोकारको सवालको रुपमा स्वीकार गरी हरेक परिवारबाट अभियान चलाऔं। हरेक दिन परिवारमा विभेद र हिंसा विरुद्ध छलफल गरौं, यस्ता अपराध नगर्न र नसहन प्रोत्साहन गरौं।हाम्रा छोरी, चेलीहरुले अर्काको गल्तीको कारणवा ससाना पिर र त्रासले आफ्नो देह त्याग गर्ने होइन आफ्नो जीवन स्वतन्त्रपूर्वक र खुसी साथ जिउनका लागि अदम्य साहस आँट र हौसलाले भरिपूर्ण हुन सकुँन।

दाइजोको नाममा होओस या चरित्र र रुपरंगको कारण देखाएर हुने हिंसा र यातनालाई इज्जत र प्रतिष्ठासँग जोडेर लुकाउने, सहेर बस्ने होइन एक्लै भएपनि त्यसका विरुद्ध डटेर लड्ने सामना गर्ने हिम्मत जगाइनुपर्छ।हरेक परिवारबाटै यस्तो अभियान र आँट गर्न आफ्नो सोँच र व्यवहार बदलौं अनि त यस्ता औपचारिक अभियान र नारामा सिमित नभई नतिजामै सुन्दर र सुरक्षित परिवार, समाज, देश र विश्वको निर्माण हुन्छ।

हरेक व्यक्ति, परिवार र समुदायमा सुरक्षा, न्याय र समानता कायम गर्न व्यक्ति, परिवार र समुदायकै जिम्मेवारी, सचेतना र जागरण बिना सम्भव छैन। आम नागरिकको सुरक्षा र न्याय कायम गर्नु प्रमुख दायित्व सरकारको भएपनि यस्तो

औपचारिक संयन्त्र र कानूनको परिचालन मात्रै पर्याप्त हुँदैन। महिला हिंसा न्यूनीकरण र अन्त्य गर्न महिलाको भूमिका र चेतना नै सकारात्मक र व्यापक हुन जरुरी हुन्छ। जबसम्म हामीले 'महिलाको शत्रु महिला नै हुन्छन' भन्ने युक्तिलाई सत्य सावित गरिरहनेछौं तबसम्म हाम्रो अधिकार, समानता र न्यायका लागि अरुबाट अपेक्षा गर्ने अधिकार रहने छैन यदि गरिहाल्यौं भने पनि पूरा हुने छैन। कार्यस्थलमा महिला सहकर्मी (अझ हाकिम) लेअर्को महिला सहकर्मी, परिवारमा महिला सदस्यले अर्को महिला सदस्य, समाजमा सम्पन्न महिलाले विपन्न र असहाय महिलालाई हेयको भावले हेर्ने, उसलाई कमजोर बनाउँदा आफ्नो सफलता देख्ने तर त्यहि ठाउँमा पुरुष पात्र हुँदा विश्वास र सम्मान गर्ने यथार्थकाबीच कसरी एउटा महिलामा आफ्नो कार्यस्थल, परिवार र समाजमा एक्लै आफ्नो विचार र सवालमा निर्धक्कले उभिएर प्रतिरक्षा गर्ने शक्ति मिलोस। महिलाको अधिकार र न्यायको लागि गठन भएको आमा समुहबाट एक अबला एकल महिलाको बाँच्ने अधिकार नै खोसियो, सन्तानको ममता नै चुँडाइयो भनेको सुन्नुपर्ने अवस्था हुनुले महिलाको अस्तित्व रक्षाको बाधक नै महिला बन्न बेर छैन।

एक महिलाले अर्को महिलाको अस्तित्वलाई सम्मान र विश्वास गर्न नसक्दासम्म हिंसाको अन्त्य कसले गरिदेला ?

अभियानलाई महिलाको मात्रै नभएर सबैको सरोकारको सवालकसरी बनाउन सकिएला ? 'अचानोको पिर खुकुरीले जान्दैन' भने जसरी स्वभावैले समाजमा महिलाले सहनुपर्ने पिडा र हिंसामा महिलाले जति महशुस गरिरहेका छन त्यो कुरा पुरुष पात्रले अनुमानसम्म गर्न सक्ला तर महशुसनगर्न सक्छ। महिलाको संलग्नता र ऐक्यवद्धता बिनाको अभियान सार्थक नहुन सक्छ। महिलाभित्र पनि अझ कमजोर, अशिक्षित, विपन्न, असहाय, दलित, अल्पसंख्यक, सिमान्तकृत, एकल महिलाको सशक्तिकरणर सम्मानका लागि राजनीतिक, प्रशासनिक, आर्थिक, सामाजिक क्षेत्रमा पहुँच र जिम्मवारी रहेका महिलाले नै विशेष अभियान र अनुकरणीय भूमिका निर्वाह गर्न ढिला भइसकेको छ।

महिला सचेत, सुरक्षित र सम्मानित भए भने घर, समाज नै सुरक्षित र सम्मानित हुनेछ समाजमा लैङ्गिक हिंसा देख्न भोग्न पर्ने छैन। अभियान्ता र सरोकारवालाहरुको अबको ध्यान औपचारिक कार्यक्रममा सिमित नरहेर अन्तर्राष्ट्रिय अभियानलाई पारिवारिक र सामाजिक अभियानको रुपमा सञ्चालन र प्रोत्साहन गर्दै महिलाको हिम्मत र सम्मान बढाउन, सशक्तिकरण गर्न, न्यायपूर्ण घर, समाज र विश्व निर्माणमा केन्द्रित गर्नुपर्छ कि !

***यो लेख नेपाल सरकारका उपसचिव बिमला रोकाले लेख्नु भएको हो***

## नेपाल सरकार
## भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय
## सडक विभाग

### उत्तर- दक्षिण तथा व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय सहिद राजमार्ग अन्तर्गत कान्क्री- रिक्धुरी- ताक्सेरा- बिर्गुम (२७ कि.मि.) सडक खण्ड स्तरोन्नति आयोजनाको प्रारम्भिक वातावरणीय परिक्षण प्रतिवेदनको सार्वजनिक सुनवाई सम्वन्धि सावर्जनिक सूचना

**प्रदेश लुम्बिनी, जिल्ला रुकुम पूर्वको भूमे गाउँपालिका र पुथा उत्तरगङ्गा गाउँपालिकामा मा सडक विभाग, उत्तर- दक्षिण तथा व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालयद्वारा निम्न बमोजिम प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।**


## प्रथम पटक प्रकाशित सूचना २०८१/०८/२३

| प्रस्तावको नाम र ठेगाना | प्रस्तावकको नाम र ठेगाना |
|---|---|
| काक्रीँ - रिक्धुरी- ताकसेरा- बिर्गुम (२७ कि.मि.) सडक खण्ड स्तरोन्नति आयोजना<br>लुम्बिनी प्रदेश, रुकुम पूर्व जिल्ला<br>भूमे गाउँपालिका (वडा नं. २) र पुथा उत्तरगङ्गा गाउँपालिका ( वडा नं. १०, ११, १२ र १३ ) | उत्तर- दक्षिण तथा व्यापारिक मार्ग विस्तार आयोजना निर्देशनालय<br>ठेगाना : बबरमहल, काठमाडौँ<br>फोन नं : ०१ -५५२९१३०<br>ईमेल : **nshp@dor.gov.np** |

**वातावरण संरक्षण ऐन, २०७६ र वातावरण संरक्षण नियमावली, २०७७ अनुसार प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन तयारीको क्रममा सार्वजनिक सुनुवाई गर्नुपर्ने प्रावधान अनुरुप आयोजनाको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन सम्बन्धी जानकारी गराउने लक्ष्यका साथ यस सार्वजनिक सूचना मार्फत आयोजनाबाट प्रभावित नगरपालिका/गाउँपालिका अन्तर्गत सरकारी तथा गैर सरकारी संघ-संस्था, विद्यालय, स्वास्थ्य चौकी तथा व्यक्ति एंव सरोकारवालालाई निम्न मिति, समय तथा स्थानमा उपस्थित भई अमुल्य राय सुझाव तथा प्रतिकृया दिनका लागी हार्दिक अनुरोध गरिन्छ।**

| स्थान | मिति | समय |
|---|---|---|
| पुथा उत्तरगङ्गा गाउँपालिका, वडा नं. - १०, चेबाङ्ग चौर | २०८१/०८/२५ | दिउँसो २ बजे |

# आधारभूत आँखा उपचार तालिम कार्यक्रम सम्बन्धमा



नेपाल आँखा कार्यक्रम
तिलगंगा आँखा प्रतिष्ठान
तिलगंगा सर्जिकल आँखा केन्द्र
लिवाङ, रोल्पा

प.सं.२०८१/०८२ मिति : २०८१/०८/१९
च.नं.११

श्री भुमे गाउँपालिका,
गाउँ कार्यपालिकाको कार्यालय
खावाङबगर, रुकुम(पूर्व)।

विषय : आधारभूत आँखा उपचार तालिम कार्यक्रम सम्बन्धमा ।

उपरोक्त सम्बन्धमा यस नेपाल आँखा कार्यक्रम, तिलगंगा आँखा प्रतिष्ठान गौशाला काठमाण्डौ र तिलगंगा सर्जिकल आँखा केन्द्र रोल्पाको आयोजनामा तहाँ गाउँपालिका अन्तर्गतका स्वास्थ्य संस्थाका सम्पूर्ण महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरु र सामुदायिक तथा संस्थागत विध्यालयका स्वास्थ्य शिक्षा अध्यापन गराउने शिक्षक वा विद्यालय नर्सहरुलाई आधारभूत आँखा उपचार सम्बन्धि तालिम निम्न मिति, स्थान र समयमा सन्चालन हुने भएकोले जानकारीको लागि अनुरोधका साथै कार्यक्रमका लागि अनुरोध छ ।


तपशिल:

१. सहभागी :- सामुदायिक तथा संस्थागत विध्यालयका शिक्षक तथा विद्यालय नर्स
मिति : २०८१ पुष ३ गते ३७ जना
स्थान : भुमे गाउँपालिकाको हल, खावाङबगर, रुकुम(पूर्व)
समय : बिहान ९:०० बजे देखि बेलुका ४:०० बजेसम्म

२. सहभागी :- महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका
मिति : २०८१ पुष ४ गते ४६ जना
स्थान : भुमे गाउँपालिकाको हल, खावाङबगर, रुकुम(पूर्व)
समय : बिहान ९:०० बजे देखि बेलुका ४:०० बजेसम्म

दर्ता नम्बर - १८६
दर्ता मिति - २०८१।०८।२०

प्रमुख
खडक भाट



भूमे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
खाबाङबगर, रुकुम (पूर्व)

जनहितमा जारी सन्देश

- जन्म, मृत्यु, विवाह, बसाइसराई, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरु सम्बन्धित वडा कार्यालयमा गइ ३५ दिनभित्रै दर्ता गराऔं ।
- आफूले तिर्नु/बुझाउनु पर्ने घर जग्गा कर, मालपोत कर, व्यवसाय कर लगायतका कर तथा शुल्कहरु समयमै बुझाउने बानी बसालौं ।
- सार्वजनिक स्थलहरुमा जथाभावी फोहोर नफालौं, आफ्नो घर आँगन सफा राखौं र फोहरको उचित व्यवस्थापन गरौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेका विकास निर्माण कार्यहरुमा सहभागी हुँदै रेखदेख गरौं ।
- आफ्ना नानी -बाबुहरुको शिक्षा, स्वास्थ्यमा ध्यान पुऱ्याऔं ।
- विद्यालय जाने उमेर समूहका बालबालिकाहरुलाई विद्यालय पठाऔं, आफ्नो समुदाय र विद्यालयहरुलाई बालमैत्री बनाऔं ।
- गाउँघरमा रहेका पुराना पोखरीहरुको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरुको संरक्षण गरौं ।
- बालविवाह सामाजिक अपराध भएकाले २० वर्षपछि मात्र विवाह गरौं र गराऔं ।
- सार्वजनिक सम्पत्ति, ऐतिहासिक, पुरातात्विक सम्पदाहरुको संरक्षण गरौं ।
- वनमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
- अपाङ्गता भएका व्यक्तिहरु, असहायहरु, जेष्ठ नागरिकहरु र बालबालिकाहरुलाई आवश्यक सहयोग गर्ने बानी बसालौं ।
- व्यवसाय सञ्चालन गर्दा गाउँपालिका वा सम्बन्धित निकायमा अनिवार्य दर्ता गराइ सञ्चालन गर्ने गरौं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बीउबिजनको प्रयोग गरी कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गरौं ।
- घरेलु हिंसा, लैङ्गिक हिंसा, जातीय भेदभाव लगायतका सबै प्रकारका भेदभाव र हिंसाको अन्त्य गरौं ।
- प्लास्टिक जथाभावी नफालौं, प्लास्टिकको न्यून प्रयोग गरौं, प्लास्टिकमुक्त गाउँ बनाउने अभियानमा सबैले सहयोग गरौं ।

प्राकृतिक स्रोतहरूको मुल्याङ्कन गर्ने हो भने, बन हाम्रो सबैभन्दा ठूलो सम्पत्ति हो।यसले केवल वनस्पति र वन्यजन्तुलाई मात्र होइन, मानव जीवनलाई पनि अमूल्य योगदान पुऱ्याउँछ।हाम्रो जस्तो हिमाली जिल्ला रुकुमपूर्वमा विगतको वर्ष देखि डढेलोको समस्या गम्भीर बन्दै गएको छ। यस वर्ष जाडोयामको सुरूवातसँगै वन क्षेत्रमा डढेलो लाग्ने घटना यसै हप्ता देखिएको छ।यसले पर्यावरणीय सन्तुलन बिगार्ने मात्र होइन, स्थानीय समुदायको जीवनयापनमा समेत गम्भीर असर पुऱ्याइरहेको छ।डढेलोको मुख्य कारणहरूमा मानिसको लापरवाही, जलवायु परिवर्तन, र वन क्षेत्रको असावधानीपूर्ण व्यवस्थापन पर्दछन्। सुख्खा मौसममा सानो आगोले पनि ठूला डढेलो निम्त्याउन सक्छ।डढेलो नियन्त्रणका लागि सरकारले प्रभावकारी नीतिहरू लागू गर्नुका साथै तल्लो तहसम्म यसको कार्यान्वयन सुनिश्चित गर्नुपर्छ।भूमे साप्ताहिक सम्पादकीय अनुरोध